रासस
RSS

# राष्ट्रिय समाचार समिति
# National News Agency
## Central Office

## मासिक प्रगति विवरण

| गते | कार्य | प्रगति विवरण |
|---|---|---|
| २०७९ असार ३० | 'राससको श्रव्यदृश्य सेवा सञ्चालन र प्रभावकारिता' विषयक अन्तर्क्रिया | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालसहित टेलिभिजन पत्रकारिताका विज्ञ र विभिन्न टेलिभिजनका समाचार प्रमुख एवं प्रतिनिधिका सहभागितामा 'राससको श्रव्यदृश्य सेवा सञ्चालन र प्रभावकारिता' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको । |
| | श्रव्यदृश्य सेवा सञ्चालन निर्देशिका र कार्यविधि स्वीकृत | समितिमा २०७९ साउन १ गतेदेखि लागु हुने गरी **श्रव्यदृश्य सेवा सञ्चालन निर्देशिका -२०७९** संशोधनसहित र **श्रव्यदृश्य सेवा सञ्चालन कार्यविधि-२०७९** परिमार्जनसहित स्वीकृत भएको । |
| साउन १ | श्रव्यदृश्य सेवा शुभारम्भ | सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले समितिको कार्यालय, भद्रकाली प्लाजाबाट औपचारिकरूपमा उद्घाटन गरी श्रव्यदृश्य सेवा परीक्षणका रूपमा प्रारम्भ । साउन महिनाभर समितिले आफ्ना सेवाग्राहीलाई श्रव्यदृश्य सामग्री निःशुल्क उपलब्ध गराएको ।<br>-राससको श्रव्यदृश्य शाखाबाट विसं २०७९ असार ३० गते बिहीबार बिहान ११:४८ बजे १९ सेकेन्डको भृकुटीमण्डपस्थित गोदामघर आगलागीको पहिलो भिडियो फुटेज सम्प्रेषण ।<br>-श्रव्यदृश्य सेवाका लागि करारमा नियुक्त फिल्म क्रयु नेपालबाट भिडियोग्राफर, श्रव्यदृश्य सम्पादक, क्यामेराम्यान, ब्रोडकास्ट इन्जिनियरसहितको टोली बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म परिचालन भइआएको । आवश्यकतानुसार राति अबेरसम्म बसी राससस्थित स्टुडियोबाट भिडियो फुटेज सम्प्रेषण भएको ।<br>-प्रतिदिन सामान्यतया डेढ मिनेटदेखि दुई मिनेटसम्मका औपचारिक कार्यक्रम/गतिविधि/जात्रापर्वका सरदर सात-आठ वटा र बढीमा १६ वटासम्म फुटेज सम्प्रेषण हुन सकेको ।<br>-सेवा प्रदायक कम्पनीबाट स्थलगत समाचार सङ्कलनका लागि माग भएका १२ थरीका अत्यावश्यक सामान खरिद भएको ।<br>-विसं २०७९ साउन ११ गते रासस केन्द्रीय कार्यालय भवन उद्घाटन समारोहको भिडियो वाल जडान गरी प्रत्यक्ष प्रसारणको प्रबन्ध गरिएको र सामाजिक सञ्जाल फेसबुकबाट प्रत्यक्ष प्रसारण गरिएको ।<br>-उद्घाटनका अवसरमा राससको ऐतिहासिक पक्षलाई समेत समेटेर बनाइएको पाँच मिनेट लामो वृत्तचित्र र तीन सञ्चारविज्ञको सुझाव समेटिएको अन्तर्वार्ताको अर्को भिडियो क्लिप तयार पारी प्रस्तुत गरिएको । |
| ९ | कार्यसम्पादन सम्झौता | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्याल र राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाबीच आर्थिक वर्ष २०७९।०८०को कार्यसम्पादन सम्झौता भएको । |

Tele: 4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com